मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# भौतिक हस्तान्तरण हुने वस्तुका लागि नियम र शर्तहरू

**(मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेडको नियमावली, नियम उपनियमसँगको संयोजनमा रहि यो दस्तावेज, हस्तान्तरण हुने वस्तुमा कारोबार गर्नु अघि हरेक ग्राहकले अध्ययन गर्नु पर्नेछ र स्वीकार र हस्ताक्षर गर्नु पर्नेछ ।)**

**क. हस्तान्तरण र राफसाफको विवरण**

१) हस्तान्तरण हुने वस्तुको कारोबार, एक्सचेन्जद्वारा निर्धारित बस्तु/करारको विवरण अनुसार हुनेछ । क्रेताले यस्तो वस्तु/करारको भौतिक हस्तान्तरण अनिवार्य रुपमा लिनु पर्नेछ ।
२) एक्सचेन्जले निर्धारित गरेको प्रारम्भिक मार्जिन राखि ग्राहकले यस्तो वस्तु/करार किन्न सक्नेछन् ।
३) करार मूल्यको बाँकी रकम करार वैधता समय भित्र बुझाइसक्नु पर्नेछ ।
४) करार वैधता समयभित्र करार मूल्यको बाँकी रकम बुझाएपछि ग्राहकको खुला आदेश (Open order), खरिद मूल्य (Open price) मै परिसमापन (Liquidate) गरिनेछ ।
५) परिसमापन भएपछि, ग्राहकले, विक्रेता (Delivery Vendor) ले निर्धारण गरेको हस्तान्तरण केन्द्र (Delivery Centre) बाट वस्तु लिनसक्नुहुन्छ ।
६) विक्रेताले निर्धारण गरे अनुसार वस्तुको हस्तान्तरण नलिएमा वा ढिलाइ गरेमा हस्तान्तरण नलिए सम्मको भण्डारण शुल्क ग्राहकलाई लगाइने छ ।
७) काठमाडौं उपत्यका बाहिर भौतिक हस्तान्तरण गर्नु परेमा सोको शुल्क पनि बिक्रेताले ग्राहकलाई लगाउन सक्नेछ ।

**ख. कारोबार स्थलमा हुने नाफा तथा नोक्सान**

१) ग्राहकको खुला आदेशमा देखिने नाफा (Floating profit) ले ग्राहकको इक्विटी (Equity) मा कुनै असर गर्नेछैन ।
२) ग्राहकको खुला आदेशमा देखिने नोक्सान (Floating Loss) ले भने ग्राहकको इक्विटीमा असर गर्नेछ ।

**ग. करार वैधता, समाप्ति तथा परिसमापन**

१) खुला आदेशहरुको वैधता करार विवरणमा उल्लेख भए अनुसार हुनेछ ।
२) करार वैधता भित्र करार मूल्यको बाँकी रकम नबुझाएमा खुला आदेशहरु परिसमापन गरिनेछ भने ग्राहकले परिसमापन भइसकेपछि भौतिक हस्तान्तरणको दाबी गर्न सक्नु हुनेछैन ।

**घ. टाथ पल्टिएको अवस्थामा ग्राहकको खुला आदेशमा पर्ने असर**

१) करार वैधताको समायावधि भित्र करार मूल्यको बाँकी रकम नबुझाएको अवस्था-
अ) यदि खुला आदेश नोक्सानी अवस्थामा छ भने करार समाप्ति समयमा बजार मूल्यमा परिसमापन हुनेछ ।
आ) यदि खुला आदेश नाफाको अवस्थामा छ भने आदेशको खरिद मूल्यमा परिसमापन हुनेछ ।
२) करार वैधता भित्र र करार मूल्यको बाँकी रकम बुझाउन अगाडि ग्राहकको खातामा इक्विटि हिट भएको अवस्थामा - खुला आदेश बजार मूल्यमा परिसमापन हुनेछ ।

**ङ. टाथ पल्टिएको अवस्थामा लाग्ने शुल्क तथा भुक्तानी**

१) कारोबार स्थलमा देखाइएको वास्तविक नोक्सान (खुला आदेश नोक्सानमा रहँदा) ग्राहकले तिर्नुपर्नेछ ।
२) ग्राहक टाथ पल्टेको अवस्थामा, विक्रेताले उक्त वस्तु/करार किन्न इच्छुक अर्को नयाँ ग्राहकको खोजी गर्नेछ । नयाँ ग्राहकले किन्न तयार हुने मूल्य, बजार मूल्यभन्दा फरक हुन सक्छ । तसर्थ मूल्य भेद घाटा ग्राहकले तिर्नुपर्नेछ ।
३) ग्राहकले एक्सचेन्ज र विक्रेताले तोकेबमोजिमको जरिवाना पनि तिर्नुपर्नेछ ।

**च. ग्राहकको दायित्व**

१) करार समाप्ति कुनै बिदाको दिनमा पर्न गएर करार मूल्यको बाँकी रकम बैंकमा बुझाउन नसक्नाले हुने परिणामका लागि ग्राहक नै उत्तरदायि हुनेछ ।
२) यस्ता वस्तु/करारका लागि मार्जिन कल जारी गरिने छैन । तसर्थ ग्राहक स्वयम् सचेत हुनुपर्दछ ।
३) इक्विटी हिट ग्राहकले अनपेक्षित अवस्था हो र आफ्नो खुला अवस्था/करारहरुलाई सुचारु राख्न (hold) कारोबार स्थल/खातामा पर्याप्त रकम जम्मा गर्नु ग्राहकको जिम्मेबारी हो । यस अवस्थामा खुला करार परिसमापन गर्न पूर्व, ग्राहकलाई जानकारी दिन एक्सचेन्ज वा विक्रेता वाध्य हुने छैन ।
४) ग्राहकले आफ्नो करार/बस्तुको आंशिक हस्तान्तरण लिन सक्ने छैन ।
५) एक्सचेन्जले यस्ता वस्तु/करार र यिनको कारोबार, हस्तान्तरण तथा राफसाफ प्रक्रियासँग सम्बन्धित कुनैपनि सूचनाहरु कारोबार स्थल वा अरु माध्यमबाट जारी गर्न सक्छ । ती जानकारी र सूचनाहरुमा करार विवरण, यस सम्वन्धि नियम तथा शर्तहरुमा हुने परिवर्तन तथा अरु थप जानकारीहरु ग्राहकलाई स्वीकार्य हुनेछ ।
६) सरकारी कर, आयात शुल्क लगायत अरु खर्चहरुमा परिवर्तन भए, ग्राहकलाई पूर्व जानकारी नदिइकन नै वस्तुको आधार मूल्यमा परिवर्तन हुन सक्नेछ ।

म/हामीले यस कागजातमा उल्लेखित सम्पूर्ण बुँदाहरु पूर्ण रुपमा बुझेका छौं र यस्ता करार/वस्तुको कारोबारमा हुने सम्पूर्ण सम्भावित जोखिम तथा घाटाहरु व्यहोर्ने मेरो/हाम्रो जिम्मेवारी हुनेछ । साथै यी करार/वस्तु तथा यिनको कारोबारसँग सम्बन्धित सबै समय सान्दर्भिक सूचनाहरु अवगत हुनु पनि मेरो/हाम्रो जिम्मेवारी हो ।

**ग्राहकका लागि**

नाम: ______________________ ग्राहक कोड (७ अंक) : ______________
स्थायी लेखा नम्बर: ______________________ कारोबार शुल्क (%): ______________
बैंकको नाम/ई-सेवा id: ______________________ शाखा (बैंक भएमा): ______________
बैंक/ई-सेवामा दर्ता भएको नाम: ______________________ बैंक खाता नं (बैंक भएमा) : ______________
निवेदकले कारोबार गर्न चाहेको वस्तु ☐ भौतिक हस्तान्तरण हुने वस्तु ☐ सामान्य वस्तु ☐ दुवै
यदि दुवै हो भने, तपाई दुवै ग्राहक कोडका लागि एउटै युजर (User) चाहनुहुन्छ ? ☐ चाहन्छु ☐ चाहन्न
हस्ताक्षर: ______________ मिति: ______________

**ब्रोकरको आधिकारिक प्रतिनिधिको उपस्थितिमा**

हस्ताक्षर: ______________ छाप: ______________ मिति: ______________

**क्लियरिङ्ग हाउसद्वारा भरिने**

ग्राहक कोड (८ अंक, भौतिक हस्तान्तरण हुने वस्तुका लागि मात्र): ______________
कैफियत: ______________________________

*कार्यालय प्रयोजनको लागि मात्र*

*द्रष्टव्य: माथि नेपालीमा उल्लेख गरिएको मूलप्रति अंग्रजीको नोटरी पब्लिकबाट भएको नेपाली अनुवाद हो र बजार सहभागीहरूको सहजताका लागि उपलब्ध गराईएको हो । मूलप्रति र अनुवादमा कुनै फरक पर्न गएमा अंग्रेजीको मूलप्रति नै आधिकारिक मानिनेछ ।*